# स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
# वातावरणमैत्री स्थानीय शासन कार्यक्रम

**(कार्यक्रम कार्यान्वयन संक्षिप्त कार्यविधि, २०७२)**

## १. पृष्ठभूमी

वातावरणमैत्री स्थानीय शासन कार्यक्रम वातावरणमैत्री स्थानीय शासन प्रारूप, २०७० लाई कार्यान्वयन गर्ने उद्देश्यले आर्थिक बर्ष २०७१/०७२ बाट कार्यान्वयनमा आएको छ। यस कार्यक्रमको लक्ष्य स्थानीय तहमा वातावरणमैत्री शासनको अवलम्बन गर्दै जलवायु परिवर्तन अनुकुलन तथा वातावरणमैत्री समाजको विकास गरी गरिवी न्युनिकरणमा सहयोग पुऱ्याउनु रहेको छ। यस कार्यक्रमको उद्देश्य वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन एवं विपद् व्यवस्थापनको लागि एकीकृत योजना बनाई विपद् तथा जलवायु परिवर्तनको कारण जोखिममा रहेका मानिसहरूको जलवायु अनुकुलन क्षमता विकास गर्नु रहेको छ। यस कार्यक्रमबाट विभिन्न ३ वटा उपलब्धीहरू र ६ वटा नतिजा प्राप्त गरिने अपेक्षा राखिएको छ।

## २. अपेक्षित उपलब्धीहरू (Outcome)

१. स्थानीय निकाय, विषयगत कार्यालयहरू र नागरिक समाजको जलवायु परिवर्तन अनुकुलन तथा वातावरणमैत्री शासन प्रणाली अवलम्बन गर्ने क्षमता अभिवृद्धि गरी जलवायु परिवर्तन तथा विपद् जोखिममा रहेका मानिसहरूको अनुकुलन क्षमता बढाउने।

२. वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनका लागि एकीकृत योजना तर्जुमा प्रकृया अवलम्बन गर्ने।

३. स्थानीय समुदायको जिविकोपार्जनमा सुधार ल्याउनको लागि जलवायु परिवर्तन अनुकुलन, वातावरण र विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरू कार्यान्वयन गर्ने।

३. **अपेक्षित नतिजाहरू (Output)**

१. जलवायु परिवर्तन, विपद् व्यवस्थापन तथा वातावरण संरक्षणलाई प्रभावकारी गराउन राष्ट्रिय तथा स्थानीय निकायहरूको क्षमता अभिवृद्धि हुने ।

२. जलवायु परिवर्तन, विपद् तथा वातावरण व्यवस्थापन प्रभावकारी गराउने गरी स्थानीय समुदायको क्षमता अभिवृद्धि हुने ।

३. जलवायु परिवर्तन अनुकुलन, वातावरण व्यवस्थापन र विपद् जोखिम न्यूनिकरण गर्नको लागि सम्बन्धित नगरपालिका तथा जिल्ला विकास समिति मार्फत सिधैं कार्यक्रम कार्यान्वयन गरिने हुँदा स्थानीय निकायको कार्यक्रम कार्यान्वयन गर्ने क्षमता बढ्ने । स्थानीय तहमा प्राकृतिक श्रोतको दिगो उपयोग एवं सो बाट प्राप्त राजश्व परिचालन व्यवस्था संस्थागत गर्ने ।

४. वातावरण तथा जलवायु परिवर्तन अनुकुलन तथा विपद् व्यवस्थापन योजना तथा बजेट स्थानीय तथा राष्ट्रिय योजना तर्जुमा प्रकृयामा मूलप्रवाहीकरण हुने ।

५. नागरिकलाई प्रभावकारी तथा नतिजामूलक सेवा प्रदान गरी जलवायु परिवर्तनसँग जुध्न सक्षम बनाउने ।

६. वातावरणमैत्री घर, टोल, वडा, गाउँ, नगर तथा जिल्ला घोषणा हुने ।

४. **कार्यक्रम व्यवस्थापन**

यस कार्यक्रम स्थानीय निकाय मार्फत सञ्चालन गरिन्छ । वातावरणमैत्री स्थानीय शासन जिल्ला, नगर तथा गाउँ समन्वय समितिको समन्वय तथा सिफारिसमा सम्बन्धित स्थानीय निकायको निर्णयबाट वातावरणमैत्री क्रियाकलाप छनौट गर्नुपर्छ । योजना छनौट, कार्यान्वयन, लेखापालन, प्रतिवेदन, अनुगमन तथा मुल्याङ्कन तथा लेखापरीक्षण लगायत समग्र कार्यक्रम व्यवस्थापन सम्बन्धि कार्यहरू यस कार्यविधिमा उल्लेख भएजति यसै बमोजिम र नभएका विषयहरू प्रचलित कानून, नीति एवं निर्देशन बमोजिम गर्नु पर्नेछ ।

५. **आ.ब. ०७२।७३ मा कार्यक्रम कार्यान्वयन हुने स्थानहरू:-** (स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमबाट)

कार्यक्रम कार्यान्वयन गरिने जिल्ला तथा नगरको विवरण देहाय बमोजिम रहेको छ ।

| नाम | स्थानीय निकाय | EFLG कार्यक्रम कार्यान्वयन सहयोग अनुदान (जिम्मेवारी तालिका ७.३.७), |
|---|---|---|
| नगरपालिका | ईलाम | संलग्न अख्तियारीमा उल्लेख भए बमोजिम |
| नगरपालिका | दमक | संलग्न अख्तियारीमा उल्लेख भए बमोजिम |
| नगरपालिका | गौरादह | संलग्न अख्तियारीमा उल्लेख भए बमोजिम |
| नगरपालिका | काशिखण्ड | संलग्न अख्तियारीमा उल्लेख भए बमोजिम |
| नगरपालिका | चन्द्रागिरी | संलग्न अख्तियारीमा उल्लेख भए बमोजिम |
| नगरपालिका | घोराही | संलग्न अख्तियारीमा उल्लेख भए बमोजिम |
| नगरपालिका | कोहलपुर | संलग्न अख्तियारीमा उल्लेख भए बमोजिम |
| जि.वि.स. | बर्दिया | संलग्न अख्तियारीमा उल्लेख भए बमोजिम |
| जि.वि.स. | धनुषा | संलग्न अख्तियारीमा उल्लेख भए बमोजिम |
| | | |

६. **आयोजना तथा कार्यक्रम छनौट सम्वन्धी व्यवस्था :**

देहायको प्राथमिकताको आधारमा आ.व २०७२/७३ को लागि आयोजना तथा कार्यक्रम छनौट गरि यसैसाथ संलग्न अनुसूची १ बमोजिमको ढाँचामा लगानी विवरण (PFM) तयार गर्नु पर्नेछ ।

(क) सम्बन्धित स्थानीय निकायहरूको परिषद्बाट स्वीकृत भएका तर बजेट विनियोजन हुन नसकेका कार्यक्रमहरू जुन वातावरणमैत्री स्थानीय शासन प्रारूप, २०७० को सूचक प्राप्तीमा सहयोगी हुने ।

(ख) आयोजना वा कार्यक्रम छनौट गर्दा सकेसम्म छरिएर नभई वातावरणमैत्री घोषणा गरिने वडा वा घर केन्द्रित गर्ने ।

(ग) वातावरणमैत्री गाउँ वा नगर घोषणा गर्न सहयोग पुग्ने गरि यसै कार्यविधिको बुँदा नम्बर १६ मा उल्लेख भएका कार्यहरूमध्येबाट स्थानीय आवश्यकता र जनसहभागिताको आधारमा छनौट गर्ने ।

(घ) विपद् जोखिम न्यूनिकरण तथा जलवायु परिवर्तन अनुकुलनमा टेवा पुऱ्याउने किसिमका कार्यक्रमहरू प्रस्ताव गर्ने ।

(ङ) छनौट गरिने सम्पूर्ण कार्यक्रम वा आयोजना सम्वन्धित स्थानीय निकायको वातावरणमैत्री समन्वय समितिको बैठक वाट सिफारिस गरी स्थानीय निकायको वोर्ड बैठकबाट निर्णय गरी सहमतिको लागि वातावरण व्यवस्थापन शाखामा पठाउने ।

(च) EFLG सूचकहरू बहुआयमिक भएकाले कार्यक्रमहरू बहुसरोकारावाला निकायहरूसँग समन्वय गरी प्रस्ताव गर्ने ।

(छ) कार्यक्रम प्रस्ताव गर्दा अन्य निकायहरू तथा कार्यक्रमहरूसँग (LGCDP, AEPC, विषयगत निकायहरू आदि) दोहोरोपना नहुने गरी गर्ने । PFM तयार गर्दा कुन निकायको के कस्तो र कति सहभागिता रहने हो अनिवार्य रूपमा उल्लेख गर्ने ।

(ज) कार्यक्रम प्रस्ताव गर्दा जिल्ला आवधिक योजना, sectoral योजना तथा बार्षिक विकास योजनाको समीक्षा (Review) गरी प्रस्ताव गर्ने ।

(झ) यो कायक्रमको लागत अनुमान अनिवार्य रूपमा नेपालीमा तयार गरि गनुपर्ने ।

## ७. कृयाकलाप छनौट प्रकृया

यस कार्यक्रमको लागि कृयाकलाप छनौट देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) **गा.वि.स.मा गर्ने कृयाकलाप** : नागरिक सचेतना केन्द्र, वडा नागरिक मञ्च लगायत स्थानीय सामुदायिक संघ संस्थाले उपयुक्त देखेका सहभागिता र साझेदारी उच्च भएका र वातावरणमैत्री स्थानीय शासन गाउँ समन्वय समितिले उपयुक्त ठहराई सिफारिश गरेका आधारमा यसै कार्यविधिको बुदा नम्बर १६ बमोजिमका क्रियाकलापमध्येवाट गा.वि.स.ले निर्णय गरी छनौट गर्न प्राथमिकता दिनु पर्नेछ ।

(ख) **नगरले गर्ने कृयाकलाप** : टोल विकास संस्था, वडा नागरिक मञ्च, स्थानीय स्तरका सामुदायिक संघ संस्था आदि मार्फत पहिचान भएका र उच्चतम जनसहभागिता र साझेदारी हुने वातावरणमैत्री कृयाकलाप वातावरणमैत्री स्थानीय शासन नगर समन्वय समितिको सिफारिशमा यसै कार्यविधिको बुदा नम्बर १६ बमोजिमका क्रियाकलापमध्येवाट नगरपालिकाले निर्णय गरि छनौट गर्न प्राथमिकता दिनु पर्नेछ ।

(ग) **जिल्लाले गर्ने कृयाकलाप** : वातावरणमैत्री स्थानीय शासन जिल्ला समन्वय समितिको सिफारिशमा यसै कार्यविधिको बुँदा नम्वर १६ मा उल्लेख भएं बमोजिमका क्रियाकलापहरू मध्येवाट जिल्ला विकास समितिले निर्णय गरि छनौट गर्न प्राथमिकता दिनु पर्नेछ ।

८. **सफ्टवेयर कार्यक्रम सञ्चालन सम्बन्धमा** :

वातावरणमैत्री स्थानीय शासन प्रारूपको बारेमा विद्यालयका शिक्षक तथा विद्यार्थीलाई चेतनामुलक कक्षा सञ्चालन गर्न, नगरपालिकाका टोल विकास सस्था, आमा समूह, क्लब, वन तथा खानेपानी सम्बन्धी उपभोक्ता समितिका पदाधिकारीहरू आदिलाई जागरण ल्याउन अभिमुखिकरण, फोहरबाट मल बनाउने वा पुन प्रयोग गर्ने सम्बन्धी तालिम, सरसफाई सम्बन्धि अभियान सञ्चालन आदी जस्ता कार्यहरू गर्न स्थानीय आवश्यकता पहिचान गरी आफ्नो स्थानीय निकायलाई यस कार्यक्रमबाट रकम छुट्याउन सकिनेछ । यस्ता कार्यहरूको पनि PFM स्वीकृत हुनुपर्छ । प्रस्तावित software कार्यक्रमहरू यस शिर्षकमा विनियोजित कूल बजेट सिलिङ्गको बढीमा ५ प्रतिशत र अनुगमन खर्च, बैठक खर्च, स्टेशनरी तथा इन्धन खर्च आदिका लागि जि.वि.स.को हकमा १.५ प्रतिशत र नगरपालिकाको हकमा १ प्रतिशत रकम कार्यालय सञ्चालन खर्चमा विनियोजन गर्न सकिने छ ।

९. **अनुगमन तथा मूल्याङ्कन सम्बन्धमा** :

(क) यस कार्यक्रमको सहयोगमा सञ्चालित सबै कार्यहरूको अनुगमन तथा मूल्याङ्कन कम्तीमा बर्षको एकपटक वातावरणमैत्री स्थानीय शासन सम्बन्धित समन्वय समितिबाट गर्ने । अनुगमन मुल्याङ्कन सम्पन्न भएपछि सोको समीक्षा समेत गरी प्रतिवेदन मन्त्रालयको वातावरण व्यवस्थापन शाखामा समेत पठाउने ।

(**ख**) आयोजना/कार्यक्रम छनौटदेखि कार्यान्वयनसम्मको प्रत्येक चरणका कृयाकलापहरूको तस्वीर/प्रस्तुतिहरू राख्ने । (जस्तै आयोजना कार्यान्वयन हुनु अगाडी, सरोकारवालाहरू बीच छलफल, फिल्ड अनुगमन, कार्यक्रम सम्पन्न, सार्वजनिक सुनुवाई आदि) ।

(ग) सञ्चालित आयोजना/कार्यक्रमको अनुगमन गरी अनुसूची २ मा दिईएको फारम बमोजिमको प्रत्येक कार्यक्रमको अनुगमन प्रतिवेदन तयारी गरी एक प्रति सम्बन्धित कार्यालयमा र एक प्रति मन्त्रालयको वातावरण व्यवस्थापन शाखामा पठाउनु पर्नेछ ।

१०. **आयोजना/कार्यक्रम कार्यान्वयन सम्बन्धमा** :

(क) कार्यक्रमहरू कार्यान्वयन गर्दा कार्यक्रमको प्रकृति हेरी उपभोक्ता समितिले गर्न सक्ने र उनीहरूबाट गराउँदा प्रभावकारी हुने कार्यक्रमहरू उपभोक्ता समूह/समिति मार्फत गर्न प्राथमिकता दिने ।

(ख) कार्यक्रमहरूको जानकारी सार्वजनिकीकरण गर्न कार्यक्रम स्थलमा अनुसूची ३ बमोजिमको आयोजना सूचना बोर्ड राख्ने ।

११. **देहाय बमोजिमको म्यादभित्रमा तपशिल बमोजिमका कार्य गरिसक्नु पर्नेछ :**

(क) **२०७२ मार्ग १५** गतेभित्र प्रत्येक कार्यक्रम/आयोजनाहरूको विस्तृत क्रियाकलाप समेत उल्लेख गरिएको स्थानीय निकायको निर्णय सहित अनुसूची १ बमोजिमको आयोजना लगानी विवरण (PFM) **वातावरण ब्यबस्थापन शाखा**मा सहमतिको लागि पठाउने ।

(**ख**) ०७२ मार्ग **मसान्त भित्र** वातावरण व्यवस्थापन शाखाले सहमती भए/नभएको जानकारी दिने ।

## १२. प्रतिवेदन प्रकृया

(ख) जिल्ला विकास समिति तथा नगरपालिकाले अनुसूची ४ बमोजिमको ढाँचामा कार्यक्रम कार्यान्वयनको प्रगति मासिक, चौमासिक र बार्षिक प्रतिवेदन वातावरण व्यवस्थापन शाखामा पठाउनु पर्नेछ ।

## १३. वित्तीय व्यवस्थापन

जिल्ला विकास समिति तथा नगरपालिकाले सम्पूर्ण खर्चको चौमासिक तथा बार्षिक विवरण अनुसूची ४ बमोजिम तयार गरी वातावरण व्यवस्थापन शाखा र आर्थिक प्रशासनमा पठाउनु पर्नेछ । अन्तिम लेखा परीक्षण गराई सोको प्रतिवेदन लेखा परीक्षण सम्पन्न मितिले १५ दिनभित्र मन्त्रालयको वातावरण व्यवस्थापन शाखामा पठाई सक्नु पर्ने छ ।

## १४. खरिद व्यवस्थापन

नेपाल सरकारको खरिद सम्बन्धी ऐन तथा कानून बमोजिम यस कार्यक्रमलाई आवश्यक सेवा तथा वस्तुहरू खरिद गर्नु पर्नेछ । सोको विवरण अनुसूची ५ बमोजिम हुनु पर्नेछ ।

## १५. जि.वि.स./नगरपालिकालाई थप निर्देशन

(क) हरेक कृयाकलापको प्रोफाइल बनाउने र अद्यावधिक राख्ने ।

(ख) नागरिक सचेतना केन्द्र, वडा नागरिक मञ्च, सामाजिक परिचालक र जिल्ला/नगर शासन विज्ञहरूलर्य सम्पूर्ण कार्यक्रम कार्यान्वयन चक्रमा सहभागी गराई स्थानीय समुदायले अपनत्व (ownership) वहन हुने गरी गराउने ।

(ग) वातावरणमैत्री स्थानीय शासन समन्वय समितिलाई प्रभावकारी रूपमा परिचालन गर्ने । उनीहरूलाई (समिति) वातावरणमैत्री स्थानीय शासन कार्यक्रमका हरेक गतिविधि/ कृयाकलापहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रकृयामा सहभागी गराउने ।

(घ) जिल्ला तथा नगरपालिकाका सामाजिक परिचालक तथा जिल्ला/नगर शासन विज्ञहरूलाई कार्यक्रम कार्यान्वयन परिचालन गर्ने तथा सम्बन्धित वातावरण शाखालाई सकृय बनाउने ।

(ङ) सामाजिक परिचालकलाई नागरिक सचेतना केन्द्रको REFLECT कक्षामा महिनामा कम्तिमा १ पटक, वडा नागरिक मञ्चको बैठकमा १ पटक र स्कूल/कलेजमा १ पटक वातावरणमैत्री स्थानीय शासन (EFLG) सम्बन्धी विषयवस्तु समावेश गरी कक्षा सञ्चालन गर्न लगाउने।

(च) विस्तृत PFM मा उपभोक्ताहरूको, स्थानीय निकायहरूको तथा अन्य निकायहरूको लागत सहभागिता स्पष्ट रूपमा देखाउनु पर्नेछ र लागत सहभागिता अनिवार्य रूपमा हुनु पर्नेछ ।

(छ) वातावरणमैत्री स्थानीय शासन कार्यक्रमबाट लागत व्यहोर्ने गरी देहाय बमोजिमका कार्यक्रमहरूमा बढीमा देहाय बमोजिमको सीमाभित्र रही रकम प्रस्ताव गर्न सकिन्छ :

१) Street Solar को हकमा बढीमा कूल लागतको बढीमा ६० प्रतिशतसम्म,

२) Soalr Home Light 20 Watt मा बढीमा रू.५ हजारसम्म (प्रति घर)

३) शौचालय निर्माण (घरधुरी) मा रू.३ हजारसम्म (DWASHCC, MWASHCC बाट निर्णय गरेर अन्य निकायहरूको सहयोग कार्यक्रम नभएको अवस्थामा मात्र),

४) भकारो सुधारको लागि बढीमा रू.५ हजारसम्म -जिल्ला कृषि कार्यालय, पशु सेवा कार्यालयहरूसँग समन्वलयमा),

५) सुधारिएको चुलो निर्माणमा बढीमा रू.१ हजारसम्म

६) बायोग्याँस निर्माणमा बढीमा ५ हजारसम्म

**१६. जिल्ला विकास समिति र नगरपालिकाहरूले EFLG सूचक हासिल गर्न खर्च गर्न सकिने महत्वपुर्ण क्षेत्रहरू :**

(क) जिल्ला विकास समितिले खर्च गर्न सक्ने क्षेत्रहरू :

| क्र.सं. | खर्च गर्न पाईने क्षेत्रहरू |
|---|---|
| १. | संयुक्त स्यानीटरी ल्याण्डफिल्ड साइट निर्माण एवं व्यवस्थापन, |
| २. | जिल्लाभरीको खानेपानी मुहान/पोखरी संरक्षण । |
| ३. | प्रत्येक गाउँ विकास समिति तथा नगरपालिकाका २/२ जनालाई ICS वा बायोग्यास वा सोलार मर्मत सम्भार जडान सम्बन्धी व्यवसायिक तालिम । (AEPC सँग समन्वय गरी गर्ने) |
| ४. | जिल्ला कृषि विकास कार्यालयसँग समन्वय गरी प्राङ्गारिक तरकारी संकलन स्थल निर्माण, नमूनाको रूपमा कुनै गा.वि.स.मा प्राङ्गारिक खेती सञ्चालन गर्ने । |

| क्र.सं. | खर्च गर्न पाईने क्षेत्रहरू |
|---|---|
| ५. | सिमसार क्षेत्र संरक्षण, |
| ६. | बोटानिकल गार्डेन स्थापना, |
| ७. | सार्वजनिक पोखरीको निर्माण |
| ८. | एक भन्दा बढि गाविस भएर जाने सडकको दाया बाया रूख रोप्न र संरक्षण गर्न |

(ख) नगरपालिकाले खर्च गर्न सक्ने क्षेत्रहरू :

| क्र.सं. | खर्च गर्न पाईने क्षेत्रहरू |
|---|---|
| १. | खाली पर्ति जग्गामा हरियाली पनि तथा उद्यान बनाई संरक्षण गर्ने, |
| २. | नदी कटान क्षेत्रमा बाँस, अम्लिसो आदी जस्ता माटो संरक्षण सम्बन्धी रूख बिरूवा लगाउने कार्य, |
| ३. | सार्वजनिक उद्यान, पार्क निर्माण सम्बन्धी कार्य, |
| ४. | सार्वजनिक पोखरी निर्माण, भैरहेका पोखरी संरक्षण तथा पोखरी वरपर फूल तथा रूख रोप्ने एवं संरक्षण गर्ने कार्य, |
| ५. | राजमार्ग तथा मुख्य सडकको दायाँ बायाँ सडक किनारमाफूल फुल्ने प्रजातीको रूखहरू लगाई हुर्काउने कार्य, (सडक विभागको सहयोग एवं समन्वयमा) |
| ६. | भू-क्षय/बाढी पहिरो नियन्त्रण सम्बन्धि कार्य, |
| ७. | पानीको मुहान संरक्षण सम्बन्धी कार्य, |
| ८. | गोबरग्याँस जडान गर्न (AEPC को नर्म्स अनुसार) अनुदान दिने, |
| ९. | समुदाय मिली सार्वजनिक उपयोगको लागि टोल टोलमा पोखरी निर्माण कार्य, |
| १०. | बायोब्रिकेट बनाउन सहयोग, |
| ११. | फोहरको पुनः प्रयोग, फोहरबाट उर्जा उत्पादन जस्ता कार्यक्रममा गरिने लगानी, |
| १२. | सहरी क्षेत्रमा समुदाय मिली फोहरवाट कम्पोष्ट मल वनाउने भएमा आवश्यक सहयोग, |
| १३. | दाउराले खाना पकाउने भएमा सुधारिएको चुल्हो बनाउन लाग्ने खर्च, |

| क्र.सं. | खर्च गर्न पाईने क्षेत्रहरू |
|---|---|
| १४. | नगरको प्रत्येक वडामा तथा गाउँ विकास समितिमा एउटा नर्सरी स्थापना गर्ने, |
| १५. | विद्युत सुविधा नपुगेको विपन्न घरपरिवारलाई 20 watts सम्मको सौर्य उर्जा जडान गर्न, |
| १६. | Water Recharge System मा सहयोग गर्न, |
| १७. | आफ्नो घर/जग्गा अगाडी सडक किनारमा टोलले नगरपालिका/गा.वि.स.को सहमतिमा तय गरेको स्थलमा निश्चित प्रजातिका रूख रोपी हुर्काएमा संख्याको आधारमा दिइने रकम (रूख हुर्केको आधारमा दिइने बढीमा प्रति बोट रू.५०० सय, बिरूवा न.पा./गा.वि.स.ले उपलब्ध गराउने), |
| १८. | नमुना प्राङ्गारिक खेती सम्बन्धि कार्यक्रम सहयोग, |
| १९. | गाउँ नगरमा रहेका विद्यालयलाई वातावरणमैत्री बनाउन सार्वजनिक विद्यालय परिसरमा पार्क तथा बगैचा निर्माण, पोखरी निर्माण, सोलार वत्ति जडान सम्बन्धि कार्य, |
| २०. | नगरभित्र हरियाली सहित पार्किङ्गको व्यवस्था गर्न, (पार्किङ्ग स्थल) |
| २१. | कृषि विकास कार्यालयसँग समन्वय गरी ग्रामीण क्षेत्रमा भकारो सुधार गरी पशुको मल तथा मुत्रको प्रयोग हुने बनाउन, |
| २२. | बोटानिकल गार्डेन स्थापना गर्न, |

अनुसूची १

नेपाल सरकार

## सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
## वातावरणमैत्री स्थानीय शासन कार्यक्रम (EFLGP)
## आयोजना लगानी विवरण (PFM) (विस्तृत)
## .......................... जिल्ला विकास समिति/नगरपालिका/गाउँ विकास समिति

(रू. हजारमा)

| क्र.सं. | कार्यक्रम/आयोजना | क्रियाकलाप | बजेट | लक्ष्य | इकाई | लागत सहभागिता | | | | | कार्य हुने मिति | | कार्यक्रम सञ्चालन हुने स्थान | | लाभान्वित वर्ग | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | पिछडिएको वर्ग | | | अन्य | | |
| | | | | | | EFLGP | स्थानीय निकाय | उपभोक्ता समिति | अन्य | जम्मा | शुरु | सम्पन्न | गा.वि.स. वडा | न.पा. वडा | पुरुष | महिला | बालबालिका | पुरुष | महिला | बालबालिका |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ |
| १ | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | | | | | | | | | |
| | कूल जम्मा | | | | | | | | | | | | | | | | | | | |

**तयार गर्ने**

नाम :

पद :

मिति :

**सिफारिश गर्ने**

नाम :

पद

मिति :

**स्वीकृत गर्ने**

नाम :

पद :

मिति :

*अनुसूची २*

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
वातावरणमैत्री स्थानीय शासन कार्यक्रम (EFLGP)
अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन
........................... जिल्ला विकास समिति/नगरपालिका

१. आयोजना/कार्यक्रमको नाम :

२. अनुगमनकर्ताको नाम थर :

३. अनुगमन गरिएको स्थान :

४. अनुगमन गरिएको मिति :

| सि.नं. | शिर्षक | विवरण |
|---|---|---|
| १. | अनुगमनको उद्देश्य : | |
| २. | अनुगमनका क्रममा गरिएका क्रियाकलापहरू : | |
| ३. | PFM बमोजिमका कार्यक्रम/आयोजनाको प्रगति (फोटोसहित) : | |
| ४. | कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या तथा चुनौती (बुँदागत) : | |
| ५. | सुझावहरू (बुँदागत) : | |

.......................................
प्रतिवेदन तयार गर्ने

.......................................
प्रमाणित गर्ने

*अनुसूची-३*

## वातावरणमैत्री स्थानीय शासन कार्यक्रम (EFLGP)
## आयोजना सूचना बोर्डको नमूना

प्रत्येक आयोजनाहरूमा देहाय बमोजिमको विवरण उल्लेख भएको आयोजना सूचना बोर्ड अनिवार्य रूपमा राख्नु पर्नेछ :

१. आयोजना तथा कार्यक्रमको नाम :

२. आयोजना सञ्चालन स्थान :

३. आयोजनाको कूल बजेट :

४. आयोजना शुरू हुने र सम्पन्न हुने मिति :

५. आयोजना कार्यान्वयन गर्ने निकायको नाम :

६. आयोजना सम्बन्धी सूचना प्राप्त गर्न सकिने व्यक्तिको नाम थर र सम्पर्क नम्बर :

*अनुसूची ४*

नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

वातावरणमैत्री स्थानीय शासन कार्यक्रम (EFLGP)

.................... चौमासिक/बार्षिक वित्तीय प्रगति प्रतिवेदन

........................... जिल्ला विकास समिति/नगरपालिका

| क्र.सं. | श्रोत | स्वीकृत बजेट | चालु आ.व.का .... चौमासिक | | | | चालु आ.व.को ....... चौमासिक सम्मको | | | | निकासा बाँकी | | | पेश्की विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | निकासा | | खर्च | | निकासा | | खर्च | | | | | | चालु आ.व.को .. महिना/चौमासिक सम्मको फछ्र्यौट | | | |
| | | | चालु | पुँजीगत | चालु | पुँजीगत | चालु | पुँजीगत | चालु | पुँजीगत | चालु | पुँजीगत | कुल | बाँकी पेश्की रकम | रकम | प्रतिशत | खुद बाँकी पेश्की | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | | | | | १६ |
| १ | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

अनुसूची-५

नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

वातावरणमैत्री स्थानीय शासन कार्यक्रम (EFLGP)

## बार्षिक खरिद योजना

.......................... जिल्ला विकास समिति/नगरपालिका

| सि.नं. | वस्तु/निर्माण कार्यको विवरण | योजनामा उल्लेखित मिति | लागत अनुमान स्वीकृत मिति | अनुमानित लागत | खरिद विधि/प्रक्रिया | सम्झौताको किसिम | बोलपत्र वा दरभाउ पत्र सम्बन्धी कागजात | | वातावरण व्य. शाखाबाट सहमति लिने मिति | बोलपत्र/प्रस्ताव | | | वातवरण व्य. शाखाबाट सहमति प्राप्त मिति | बोलपत्र स्वीकृतिको आशय र स्वीकृति मिति | करार सम्झौता गर्ने मिति | कार्य आरम्भ गर्ने मिति | कार्य पुरा गर्ने मिति | ठेकेदार/आपूर्तिकर्ता | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | तयारी मिति | स्वीकृती मिति | | आह्वान | खोलिने मिति | मूल्यांकन सम्पन्न मिति | | | | | | नाम | सम्झौता नं. | सम्झौता रकम |
| १ | २ | ३ | ४ | ५ | ६ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | | १५ | १६ | १७ | १८ | १९ | २० | २२ |
| १ | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |